## आर्थिक वर्ष २०६७/६८ मा नेपाल राष्ट्र बैंकबाट "ख" र "ग" वर्गका इजाजतप्राप्त संस्थाहरुलाई गरिएको कारबाही सम्बन्धी विवरण ।

१ बैंक तथा वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०६३ को बुँदा नं.१.४ अनुसार २०७० सालसम्म चुक्ता पूँजी समानुपातिक रुपमा पुर्‍याउनु पर्ने व्यवस्था एवं यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७ को निर्देशन नं २१ को बुँदा नं.४(३) अनुसार देहायका वित्तीय संस्थाहरुले समानुपातिक रुपमा आ.व. २०६६/६७ सम्म पुर्‍याउनुपर्ने चुक्ता पूँजी नपुर्‍याएकोले सोही व्यवस्थाको बुँदा (क), (ख) र (ग) बमोजिम लाभांश वितरण गर्न, निक्षेप संकलन (ब्याज पूँजीकृत हुन बाहेक) गर्न र कर्जा लगानी गर्न मिति २०६७/११/२ को निर्णयानुसार प्रतिवन्ध लगाईएको ।

| सि.न. | वित्तीय संस्थाको नाम | निक्षेप | कर्जा |
|---|---|---|---|
| १ | मर्केण्टायल फाइनान्स, वीरगञ्ज | ४,४९,९०,४९४।१४ | ७,३२,२९,१३५।४६ |
| २ | मल्टीपरपस फाइनान्स, राजविराज | ६,२२,७४,७३९।५१ | ९,४५,०१,७८२।- |
| ३ | ईन्भेष्टा फाइनान्स, वीरगञ्ज | १,२८,५०,०००।- | ६,३७,९०,०७७।०८ |

२ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ को खण्ड (ग) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा ४ को खण्ड (ग) बमोजिम मिति २०६७/१०/१७ को निर्णयानुसार देहाय बमोजिमका वित्तीय संस्थाका पदाधिकारीहरुलाई जरिवाना गरिएको ।

| सि.न. | वित्तीय संस्थाको नाम | पदाधिकारीको पद, नामथर | जरिवाना रकम रु. |
|---|---|---|---|
| १ | युनाइटेड विकास बैंक लि. जितपुर, बारा | कार्यकारी अध्यक्ष श्री रविन्द्र बहादुर सिंह | ५,००,०००।- |
| | | संचालक श्री राधाकृष्ण अमात्य | ५,००,०००।- |
| २ | हिमालय फाइनान्स लिमिटेड, सुन्धारा, काठमाण्डौ | महाप्रवन्धक श्री सिसम मल्ल | २५,०००।- |

३ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख तथा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को उपखण्ड (आ) बमोजिम देहाय बमोजिमको वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरिएको ।

| सि.न. | वित्तीय संस्थाको नाम |
|---|---|
| १ | युनाइटेड विकास बैंक लि. जितपुर, बारा |

४ देहाय बमोजिमको वित्तीय संस्थाले आफ्नै ऋणीलाई संस्थापक समूहको शेयर विक्री गरी Fit and Proper Test का लागि यस बैङ्कमा गलत विवरण पेश गरेकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) को खण्ड (क) र उपदफा ४ को खण्ड (क) बमोजिम कारवाही गरिएको ।

| सि.न. | वित्तीय संस्थाको नाम | निकाय/पदाधिकारी | कारबाही |
|---|---|---|---|
| १ | सांग्रिला विकास बैंक लिमिटेड, पोखरा | संचालक समिति | सचेत गराईएको |
| | | प्रमुख कार्यकारी अधिकृत, श्री हरि प्रसाद गुरुङ्ग | नसिहत दिईएको |

५. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७ को निर्देशन नं १ को बुंदा ९ (ग) मा भएको व्यवस्था अनुसार देहाय बमोजिमको वित्तीय संस्थाले तोकिए अनुसारको पूंजीकोष नपुऱ्याएकोले नगद लाभांश वितरण गर्न प्रतिवन्ध लगाईएको ।

| **सि.न.** | **वित्तीय संस्थाको नाम** |
|---|---|
| १ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि.हेटौडा, मकवानपुर |

६ नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा ४ को खण्ड (ग) अनुसार देहाय बमोजिमका वित्तीय संस्थाका पदाधिकारीहरुलाई रु.५,००,०००।- जरिवाना गरिएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (ढ) बमोजिम पदमा बहाल रहन स्वतः अयोग्य भएको जानकारी गराइएको ।

| **सि.न.** | **वित्तीय संस्थाको नाम** | **पदाधिकारीको पद, नामथर** | **कारबाहीको मिति** |
|---|---|---|---|
| १ | गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. | कार्यकारी अध्यक्ष,<br>श्री डम्बर बहादुर तामाङ (बम्जन) | २०६७/१२/१४ |
| २ | पश्चिमाञ्चल डेभलपमेन्ट बैङ्क लि. | प्रबन्ध सञ्चालक,<br>श्री लक्ष्मण ज्ञवाली | २०६८/०१/२२ |

७ यस बैंकबाट गरिएको गोर्खा डेभलपमेण्ट बैङ्क लि. को विशेष निरीक्षणबाट उक्त बैङ्कको पुँजीकोष २.१ प्रतिशत मात्र रहेको, निष्कृय कर्जा १७.५ प्रतिशत रहेको, बैङ्कले भुक्तानी अवधि सकिएका केही संस्थागत मुद्दती निक्षेपको भुक्तानी गर्न नसकेको, बैङ्क ठूलो नोक्सानीमा जाने देखिएको, अनिवार्य मौज्दात तथा वैधानिक तरलता अनुपात कायम गर्न नसकेको, निर्दिष्ट मापदण्ड अनुरुप सुशासन कायम नगरेको साथै पुँजीकोषको शत् प्रतिशतभन्दा बढी हुने गरी बिना स्रोत शंकास्पद तवरले जग्गा खरिद गर्ने निर्णय गरेको लगायतका निक्षेपकर्ता तथा शेयरधनीहरुको हित विपरीत हुने गरी अनियमित एवं गैरजिम्मेवारपूर्ण ढङ्गले कार्य गरेको र समग्रमा बैङ्कको वित्तीय स्थिति अत्यन्त कमजोर देखिएको हुँदा मिति २०६७/१२/११ को निर्णयानुसार उक्त बैङ्कलाई नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८६ख बमोजिम मिति २०६७/१२/११ देखि समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी ऐनको दफा ८६ग अनुसार ६ महिनाभित्र पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु दिइएको ।

(क) यस बैंकको निर्देशन वमोजिम पुँजीकोष कायम गर्न ।
(ख) निक्षेप संकलन एवम् नवीकरण नगर्न ।
(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न ।
(घ) भाका म्याद पुगेका एवं फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्न ।
(ङ) निष्कृय कर्जाको अनुपात बढीमा ५ प्रतिशतमा ल्याउन ।
(च) प्रतिदिन प्रति खाता रु. पाँच लाखभन्दा बढीको निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको बित्तीय संस्था सुपरिवेक्षण विभागबाट पूर्व स्वीकृति लिन ।
(छ) नयाँ शाखा नखोल्न ।
(ज) स्थिर सम्पत्ति खरिद तथा बिक्री नगर्न ।
(झ) सञ्चालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।
(ञ) यस बैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।
(ट) लाभांश वितरण नगर्न ।
(ठ) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।
(ड) अनियमित तरिकाले कर्जा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुलाई कारबाही गर्न ।

(ढ) २०६७ चैत्र मसान्तभित्र विशेष साधारणसभा सम्पन्न गरी नयाँ सञ्चालक समिति गठन गर्न । साथै, नयाँ सञ्चालक समितिको निर्वाचनमा यस बैङ्कको कारबाही प्रक्रियामा रहेका सञ्चालकहरुले भाग लिन नपाउने व्यवस्था गर्न ।

८ गोर्खा डेभलपमेण्ट बैङ्क लि.सँग सम्बद्ध रही अनियमित एवं गैरकानुनी तवरले निक्षेपकर्ता एवं संस्थाको हित बिपरित हुने गरी कार्य गर्ने उक्त संस्थाका तत्कालीन कार्यकारी अध्यक्ष डम्बर बहादुर तामाङ्ग (बम्जन) तथा सञ्चालकहरु क्रमशः निर्मल गुरुङ्ग, धन प्रसाद राई, दिनेश शाक्य, मीना श्रेष्ठ, संजिव कुमार मिश्र, महेश प्रसाद रिजाल र रमेश बहादुर तामाङ्ग, कर्मचारीहरु क्रमशः तत्कालीन महाप्रबन्धक राजेन्द्रदास श्रेष्ठ, कर्जा प्रमुख दीपक राना मगर, पूर्व सञ्चालक प्रवीण नौलखा, नेपाल मन्था प्रोडक्ट्स प्रा.लि. का प्रबन्ध सञ्चालक राकेश कुमार अडुकिया, उक्त बैङ्कका ऋणीहरु क्रमशः संजिब कुमार अग्रवाल, जीवन घिमिरे, सो बैङ्कका संस्थापक शेयरधनी कृषि प्रेमुरा होल्डिङ्ग प्रा.लि.का सञ्चालक रुची जाजोडिया र पुनम खेतानलाई बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ७, ८ र ९ बमोजिमको कसुरमा संलग्न रहेको देखिएको हुँदा निजहरुलाई अनुसन्धान तथा आवश्यक कारबाहीका लागि नेपाल सरकारको सम्बन्धित निकायहरुमा लेखी पठाइएको ।

९ यस बैंकबाट गरिएको नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि. को विशेष निरीक्षणबाट कर्जा नोक्सानी व्यवस्था थप गर्नुपर्ने तथा संस्थापक, संस्थापक समूह एवं सम्बद्ध व्यक्तिहरुलाई प्रवाहित कर्जा यस बैंकको निर्देशन अनुसार प्राथमिक पूँजीवाट घटाउनुपर्ने देखिएकाले सो अनुरुप समायोजन गर्दा पूँजीकोष रु.२४,०१,३५ हजार अर्थात् जोखिम भारित सम्पत्तिको ४.०३ प्रतिशत मात्र कायम भई उक्त संस्थाको पुँजीकोष यस बैंकले तोकेको न्यूनतम अनुपात भन्दा कम भएकोले मिति २०६८/१/२८ मा बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को (घ) बमोजिमको कारवाही गरी निम्न अनुसारका निर्देशनहरु दिईएको ।

(क) यस बैंकको निर्देशन वमोजिम पूंजीकोष कायम गर्न ।
(ख) थप निक्षेप संकलन एवम् नवीकरण नगर्न ।
(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न ।
(घ) नयाँ शाखा नखोल्न ।
(ङ) खरीद वा लीज प्रकृया मार्फत थप स्थिर सम्पत्ति प्राप्त नगर्न ।
(च) संचालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।
(छ) यस बैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।
(ज) लाभांश वितरण नगर्न ।
(झ) प्रतिदिन प्रति खाता रु. दुई लाखभन्दा बढीको निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको बित्तीय संस्था सुपरिवेक्षण विभागको स्वीकृति लिन ।

१० नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६छ, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) को खण्ड (ज) र दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ४ को उपदफा (१) को खण्ड (च) बमोजिम मिति २०६७/१२/१५ मा देहाय बमोजिमका वित्तीय संस्थाको खारेजीका लागि पुनरावेदन अदालत, पाटनमा निवेदन दर्ता गरिएको ।

| **सि.न.** | **वित्तीय संस्थाको नाम** |
|---|---|
| १ | सम्झना फाइनान्स कम्पनी लि., बनेपा, काभ्रेपलाञ्चोक |

११ पश्चिमाञ्चल डेभलपमेन्ट बैङ्क, बुटवल, रुपन्देहीको सञ्चालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २१ को उपदफा १ को प्रतिकूल हुने गरी प्रबन्ध सञ्चालकलाई तलब लगायतका सुविधाहरु प्रदान गरेको र नियम विपरीत प्रदान गरिएका रकमहरु असुलउपर गरी यस बैङ्कलाई जानकारी दिन निर्देशन दिइएकोमा निर्देशनको पालना नभएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा ४ को खण्ड (क) बमोजिम मिति २०६७/१२/२२ मा उक्त संस्थाका अध्यक्ष श्री हरिकृष्ण श्रेष्ठ,

सञ्चालकहरु क्रमशः श्री केशव ज्ञवाली, श्री सन्तोषलाल श्रेष्ठ तथा श्री उत्तम अर्याल, तत्कालीन सञ्चालक श्री विवेक प्रधान र प्रबन्ध सञ्चालक श्री लक्ष्मण ज्ञवालीलाई नसिहत दिइएको ।

१३ पश्चिमाञ्चल डेभलपमेन्ट बैङ्क, बुटवल, रुपन्देहीको सञ्चालक समितिले एकीकृत निर्देशन, २०६७ को निर्देशन नं.६ को बुँदा ६ को खण्ड (ग) विपरीत संस्थापकको वित्तीय स्वार्थ भएको रेसुङ्गा ट्र्याक्टर सप्लायर्सलाई कर्जा प्रवाह गरेको पाइएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा ४ को खण्ड (क) बमोजिम मिति २०६८/१/२२ मा उक्त संस्थाका अध्यक्ष श्री हरिकृष्ण श्रेष्ठ, सञ्चालकहरु क्रमशः श्री केशव ज्ञवाली, श्री सन्तोषलाल श्रेष्ठ तथा श्री उत्तम अर्याल, तत्कालीन सञ्चालक श्री विवेक प्रधान र प्रबन्ध सञ्चालक श्री लक्ष्मण ज्ञवालीलाई नसिहत दिइएको ।

१२ नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि.सँग सम्बद्ध रही अनियमित एवं गैरकानुनी तवरले निक्षेपकर्ता एवं संस्थाको हित बिपरित हुने गरी कार्य गर्ने उक्त संस्थाका कार्यकारी अध्यक्ष योगेन्द्र प्रसाद श्रेष्ठ तथा संस्थापकद्वय गीता श्रेष्ठ तथा सौरभ श्रेष्ठ बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ७, ८, ९, १२ र १४ बमोजिमको कसुरमा संलग्न रहेको देखिएको हुँदा मिति २०६८/१/२७. को निर्णयानुसार निजहरुलाई ऐन बमोजिम अनुसन्धान तथा आवश्यक कारवाही गर्ने तथा छानवीन प्रक्रिया पुरा भई अन्तिम टुङ्गो नलागुन्जेलसम्मका लागि निजहरुका अतिरिक्त संस्थापक गौरव श्रेष्ठ तथा उत्सव श्रेष्ठसमेतको राहदानी, बैङ्क निक्षेप खाता, लकर, शेयर, बचतपत्र, ऋणपत्र र अचल सम्पत्ति तथा जायजेथा समेत रोक्का राख्ने व्यवस्थाका लागि सम्बन्धित निकायहरुमा लेखी पठाइएको ।

१४ अन्नपूर्ण विकास बैङ्क, बनेपा, काभ्रेको सञ्चालक समितिले यस बैङ्कको निर्देशन तथा संस्थापक सुशासन सम्बन्धी व्यवहार एवं भावना तथा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४८ को उपदफा (१) को खण्ड (ग) र (घ) को कानूनी व्यवस्था विपरित संस्थापक शेयर खरीद गर्न संस्थाकै कर्जा उपयोग गरेको देखिएकोले उक्त कर्जा प्रवाह गर्ने निर्णयमा संलग्न सञ्चालक समितिका अध्यक्ष चन्द्र शर्मा तथा सदस्यहरु बालकृष्ण न्यौपाने, जगतबहादुर श्रेष्ठ र जीवनकुमारी पौडेललाई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (४) को खण्ड (क) बमोजिम मिति २०६८/२/४ मा नसिहत दिइएको ।

**अनिवार्य मौज्दात कायम नगरेकाले कारबाहीमा परेको संस्थाहरु**

नेपाल राष्ट्र बैङ्कले तोकेको अनुपातमा अनिवार्य मौज्दात कायम नगरेकोले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४७ तथा एकीकृत निर्देशन, २०६७ को इ.प्रा.निर्देशन नं.१३/०६७ को बुँदा नं. (क)१(३) बमोजिम देहायका वित्तीय संस्थाहरुलाई हर्जाना लगाइएको ।

**"ख" वर्गका इजाजतपत्रप्राप्त संस्था (विकास बैङ्क) तर्फ :**

| सि.न. | वित्तीय संस्थाको नाम | नपुग अवधि | जरिवाना (रु.) |
|---|---|---|---|
| १ | काबेली विकास बैङ्क लि. | २०६७/४/२ देखि ४/८ | ७०० |
| २ | मुक्तिनाथ विकास बैङ्क लि., कास्की | २०६७/४/९ देखि ४/२२ | ४,४२३५० |
| ३ | प्यासिफिक डेभलपमेन्ट बैङ्क लि., बेसिशहर | २०६७/४/१६ देखि ४/२२ | ७२५१९० |
| ४ | वेस्टर्न डेभलपमेन्ट बैङ्क लि., दाङ्ग | २०६७/४/२३ देखि ४/२९ | ९४१९४ |
| ५ | मातृभूमी विकास बैङ्क लि., सिन्धुली | २०६७/४/३० देखि ५/२२ | ९७१९३ |
| ६ | सिभिक डेभलपमेन्ट बैङ्क लि., धादिङ्ग | २०६७/६/३ देखि ६/९ | २१६९ |
| ७ | ब्राइट डेभलपमेन्ट बैङ्क लि., काभ्रे | २०६७/६/१० देखि ६/१६ | ९५२१८७ |
| ८ | सांग्रिला विकास बैङ्क लि. | २०६७/६/२४ देखि ७/६ तथा २०६७/७/१४ देखि ७/२० | ३०७१२० |
| ९ | गौमुखी विकास बैङ्क लि., प्युठान | २०६७/८/१२ देखि ८/१८ | १४१८१ |

**“ग” वर्गका इजाजतपत्रप्राप्त संस्था (वित्त कम्पनी) तर्फ :**

| सि.न. | वित्तीय संस्थाको नाम | नपुग अवधि | जरिवाना (रु.) |
|---|---|---|---|
| १ | पोखरा फाइनान्स लि., पोखरा, कास्की | २०६७/४/९ देखि ४/१५ | ७४।५६ |
| २ | हामा मर्चेण्ट एण्ड फाइनान्स लि., काठमाडौं | २०६७/४/१६ देखि ४/२२ | १३।८६ |
| ३ | नेपाल श्रीलङ्का मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स, लि. | २०६७/६/३ देखि ७/६ | २,२७,८८१।५४ |
| ४ | युनाइटेड फाइनान्स लि., काठमाडौं | २०६७/६/१७ देखि ७/१३ | १८,७२३।६५ |
| ५ | जनरल फाइनान्स लि., काठमाडौं | २०६७/७/२१ देखि ८/११ | २,३८५।३९ |

**विपन्न वर्ग कर्जा सम्बन्धी निर्देशनको पालना नगरेकोले कारबाहीमा परेका संस्थाहरु**

नेपाल राष्ट्र बैङ्कले तोकेको अनुपातमा विपन्न वर्गमा कर्जा प्रवाह नगरेकोले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८१ को उपदफा (२) तथा एकीकृत निर्देशन, २०६७ को इ.प्रा.निर्देशन नं.१७/०६७ को बुँदा नं. १५ बमोजिम देहायका वित्तीय संस्थाहरुलाई हर्जाना लगाइएको ।

**“ख” वर्गका इजाजतपत्रप्राप्त संस्था (विकास बैङ्क) तर्फ :**

| सि.न. | वित्तीय संस्थाको नाम | नपुग त्रैमास | जरिवाना (रु.) |
|---|---|---|---|
| १ | सांग्रिला विकास बैङ्क लि., कास्की | २०६७ आषाढ | १५,६६०।०० |

**“ग” वर्गका इजाजतपत्रप्राप्त संस्था (वित्त कम्पनी) तर्फ :**

| सि.न. | वित्तीय संस्थाको नाम | नपुग त्रैमास | जरिवाना (रु.) |
|---|---|---|---|
| १ | जनरल फाइनान्स लि., काठमाडौं | २०६७ आषाढ | ३९,४६२।५० |
| | | २०६७ आश्विन | १९,१९३।७५ |
| | | २०६७ पौष | १,८५,०००।०० |
| २ | नेपाल श्रीलङ्का मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स, लि. | २०६७ आषाढ | २८,०६६।५० |
| | | २०६७ आश्विन | ८१,६३०।०० |
| | | २०६७ पौष | २,८०,३९९।५० |